# महिला उद्यमी महासघं नेपाल
# २२औं वार्षिक साधारण सभा तथा १०औं अधिवेशन सम्वन्धि
# प्रेस विज्ञप्ती

नेपाल भरिका उद्यमी महिलाहरुको प्रतिनिधि सस्थाको रुपमा कार्यरत महिला उद्यमी महांसघ नेपालले आफ्नो स्थापना काल देखि नै समावेशी तवरले महिला उद्यमीहरुको विकास एंव प्रवर्द्धनमा सहयोग पुऱ्याउदैं महिलाहरुको सामाजिक आर्थिक सशक्तिकरणका लागि विभिन्न कार्यहरु गर्दै आइरहको छ। नेपाल भरीका ७७ वटै जिल्लाहरुमा आफ्नो संघ विस्तार गरी ५५०० भन्दा बढि महिला उद्यमीहरुलाई महासंघमा आवद्ध गरिसकेको छ । साथै देशका सातै प्रदेशमा प्रदेशस्तरिय महासंघ पनि गठन गरिसकेको छ । राष्ट्रिय एवं अर्न्तराष्ट्रिय स्तरमा हुने नितिनिर्माण एंव निर्णय प्रकियामा महिला उद्यमीहरुका हक अधिकारहरुको सुनिश्चितताका लागि महांसघले उनीहरुका विविध सवाल एंव सरोकारहरु प्रति सशक्त ढगंबाट वकालत गर्दै आईरहेको छ । यसका अतिरिक्त महिला उद्यमीहरुको क्षमता अभिवृद्धी, बजारिकरण तथा सञ्जाल विस्तारका लागि महासंघले विभिन्न कार्यहरु गर्दै आइरहेको छ।महिला उद्यमी महासंघ नेपालले नेपाल सरकारको नितिगत साझेदारको रुपमा पनि सरकारसँग काम गर्दै आइरहेको छ। महिला उद्यमशिलताको क्षेत्रमा काम गर्ने नेपाल सरकार विभिन्न निकायहरुका साथै GIZ, Women's Bank, Ilo, CIPE, The Asia Foundation, WHH, Australian Embassy, Pakistani Embassy, Chinese Embassy, Dubai Embassy CECI लगायत विभिन्न साझेदार सस्थांहरुको सहकार्यमा विभिन्न कामहरु गर्दै आईरहेको छ ।

नेपाल भरीका महिला उद्यमी सघंहरुको छाता संगठनको रुपमा रहेको महिला उद्यमी महासघं नेपालको २२औं वार्षिक साधारण सभा तथा १०औं महाधिवेशन मिति २०८२ साल पौष महिनाको ०६ र ०७ गते तदनुसार २१ र २२ डिसेम्बर २०२५ का दिन ललितपुर स्थित हेरिटेज गार्डेन सानेपामा सम्पन्न भयो । २२औं वार्षिक साधारण सभा तथा १०औं महाधिवेशनबाट महासघंको नयाँ कार्यसमिति चयन भएको छ । जस अर्न्तगत श्री दर्शना श्रेष्ठको अध्यक्षतामा २५ सदसिय नयाँ कार्यकारिणी समिति निर्वाचित भएको छ ।

महासंघको वार्षिक साधारण सभाको पहिलो दिन पौष ६ गते महिला उद्यमीलाई वित्तिय र बजारमा पहूँच विषयक एक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । सो कार्यक्रम World Bank Group र डोल्मा कन्सल्टेन्सीको सहकार्यमा आयोजना गरिएको थियो भने सो कार्यशालामा काठमाडौं सहित देशका सातै प्रदेश तथा ७७ जिल्लाका महिला उद्यमीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा महिला उद्यमीहरुले उहाँहरुको उत्पादन, वस्तुहरुको बजार अवस्था, महिला उद्यमीहरुले भोगिरहेका व्यवसायिक चुनौतिहरु तथा महिला

उद्यमीहरुको वितिय पहुँचको अवस्था बारेमा सामुहिक कार्य गरी समुहगत प्रस्तुतिकरण गर्नुभएको थियो ।

महासंघको साधारण सभा अध्यक्ष श्री शोभा ज्ञवालीज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।कार्यक्रममा स्वागत मन्तव्य राख्दैं अध्यक्ष श्री शोभा ज्ञवालीज्यूले आफ्नो कार्यकालमा महिला उद्यमीहरुका लागि सञ्चालित गतिविधि तथा उपलब्धिहरुको बारेमा बताउनुभएको थियो । सो अवसरमा महासंघका महासचिव श्री कुन्नम पोखरेलज्यूले आ.व.२०८१/०८२को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने महासंघका कोषाध्यक्ष श्री सविता सुवेदीज्यूले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सो क्रममा महासंघद्धारा गठन गरिएको विभिन्न समितिहरुले आफ्नो कार्यकालमा भएका गतिविधि सहित प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । जसमध्ये द्धितिय उपाध्यक्ष श्री सुनिता वैद्य श्रेष्ठज्यूले प्रकाशन तथा सञ्चार समितिद्धारा तयार गरिएको १०० भन्दा वढी महिला उद्यमीहरुको उत्पादन विवरण सहितको Product Catalogue, उद्यमीहरुका लागि आवश्यक तालिम निर्देशिका तथा Women Entrepreneurs' Directory अध्यक्ष ज्ञवाली समक्ष पेश गर्नु भएको थियो । त्यसै गरि महासंघका तृतिय उपाध्यक्ष श्री बासन्ती प्रधानज्युले जिल्ला तथा प्रदेशहरुको विस्तृत विवरणसहितको जानकारी पुस्तिका अध्यक्ष समक्ष पेश गनुभएको थियो । महासंघका लागि महत्वपुर्ण रहेका ति पुस्तकहरुको अध्यक्ष ज्ञवालीले साधारण सभाको अवसरमा लोकार्पण गर्नुभएको थियो । सो अवसरमा महिला उद्यमी संघ नेपाल, प्युठानका अध्यक्षको श्री चित्रकली बुढामगरको व्यवसायमा आगलागिबाट क्षति पुगेकाले राहतस्वरुप महासंघका तर्फबाट नगद सहयोग प्रदान गरिएको थियो । कार्यक्रमको अन्त्यमा महासंघका प्रथम उपाध्यक्ष श्री दर्शना श्रेष्ठज्यूले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमको दास्रो दिनको पहिलो सत्रमा GIZ को सहयोगमा एक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। "Consultative workshop on Grassroot to governance – Actioning policy for women entrepreneurs" नामक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । सो कार्यशालामा विशेष गरी कृषि क्षेत्रमा काम गर्ने जिल्ला स्तरका महिला उद्यमीहरुको सहभागिता रहेको थियो । सो कार्यशालामा जलवायु परिर्वतनका कारणले कृषि व्यवसायमा परेको असरहरुबारेमा छलफल गरिएको थियो । साथै कृषि क्षेत्रमा काम गर्ने उद्यमी महिलाहरुले भोगिरहेका व्यवसायिक समस्याहरु, अवसरहरु तथा चुनौतिहरुको बारेमा छलफल गरी प्रतिवेदन तयार गरिएको थियो ।

साधारण सभाको सो अवसरमा नेपाल इनभेष्टमेन्ट मेघा वैंकको सहयोगमा वितिय साक्षरता कार्यक्रमको आयोजना गरिएको थियो । सो प्रस्तुतिमा सहुलियत पुर्णकर्जा, महिला उद्यमशिल कर्जा, कृषि कर्जा तथा व्यवसायिक कर्जाहरुको बारेमा जानकारी तथा कर्जा लिने प्रक्रियाका साथै आवश्यक कागजातका बारेमा पनि जानकारी दिइएको थियो ।

साधारण सभाको दोस्रो दिनको औपचारिक कार्यक्रम महासंघका अध्यक्ष श्री शोभा ज्ञवालीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य राख्दैं अध्यक्ष ज्ञवालीले देशभरका महिला उद्यमीको विकास तथा क्षमता अभिवृदीका लागि आफुले निरन्तर सहयोग गर्ने र राज्यका हरेक निकायहरुसँग महिला उद्यमी र उद्यमशिलता विकासमा निरन्तर पैरवी गरिरहने बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महांसघका अध्यक्ष श्री चन्द्र ढकालज्यू रहनुभएको थियो । कार्यक्रममा आफ्नो मन्तव्य राख्दै अध्यक्ष ढकालले उद्यमशिलता विकासको क्षेत्रमा सहकार्य गरी अगाडी वढ्ने प्रतिवद्दता व्यक्त गर्नुभयो । महिला उद्यशिलता विकासमा काम गरिरहेको महासंघको साधारण सभाको अवसरमा पाकिस्तानी राजदुताबासबाट पनि सहयोग उपलब्ध गराइएको थियो ।

साधारण सभाको अवसरमा जिल्ला स्तरमा उद्यमी महिलाहरुलाई उद्यमीशिलताको क्षेत्रमा उत्कृष्ट काम गर्ने जिल्ला संघहरुलाई सम्मान गरिएको थियो । जसमा महिला उद्यमी संघ नेपाल मोरंङ प्रथम, महिला उद्यमी संघ नेपाल चितवन द्धितिय, महिला उद्यमी संघ नेपाल, तनहुँ तृतिय, तथा महिला उद्यमी संघ नेपाल, कालिकोटलाई सान्त्वना उत्कृष्ट जिल्ला घोषणा गरि नगद पुरस्कार तथा सम्मान पत्रद्धारा सम्मानित गरिएको थियो । उत्कष्ट जिल्ला संघहरुलाई नगद पुरस्कारको व्यवस्था महासंघ तृतिय उपाध्यक्ष श्री बासन्ती प्रधानज्यूले आफ्नो **बुवा स्व. मन मोहन मिश्र तथा मुमा स्व. शोभा मिश्र**को नाममा समर्पण गरी विगत ११ वर्ष देखि उपलब्ध गराउदैं आइरहनुभएको छ ।

त्यसै गरी यस वर्षको उत्कृष्ट महिला उद्यमी सदस्य पुरस्कार श्री गंगा छन्त्यालज्यूलाई सम्मान पत्र ,योगदानमा आधारित सम्मान तर्फ महिला उद्यमी महासंघ नेपाल, लुम्बिनी प्रदेशको अध्यक्ष श्री सरस्वती शर्माज्यूलाई सम्मान पत्रद्धारा , महासंघको आजिवन उपलब्धि सम्मान पुरस्कारद्धारा महासंघका पुर्व अध्यक्ष श्री रीता सिंहाज्यूलाई सम्मानित गरिएको थियो । सर्वश्रेष्ठ उद्यमी पुरस्कारद्धारा महासंघका सदस्य श्री रचना श्रेष्ठज्यूलाई सम्मानित गरिएको थियो । यसैगरी महासंघको उत्कृष्ट कर्मचारी तर्फ श्री संगम दाहालज्यूलाई नगद तथा सम्मान पत्रद्धारा सम्मानित गरिएको थियो । त्यसैगरी, महासंघको २२औं वार्षिक साधारण सभाको अवसरमा महासंघको जग बसाल्नु हुने सस्थाका संस्थापक सदस्यहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा महासंघद्धारा यस वर्ष गठन गरिका सातै प्रदेशका कार्यसमितिका पदाधिकारीज्यूहरु तथा नव गठित जिल्ला संघहरुलाई प्रमाण पत्र प्रदान गरिएको थियो ।

महासंघको २२औं वार्षिक साधारण सभा तथा १०औं महाधिवेशनबाट नयाँ कार्यसमिति चयन भएको छ। १०औं महाधिवेशनबाट अध्यक्ष श्री दर्शना श्रेष्ठको अध्यक्षतामा २५ सदसिय नयाँ कार्यसमिति चयन भएको हो जसको नामावली तपशिल बमोजिम रहेको छ।

| **पद** | **निर्वाचित कार्यसमितिको नामथर** |
|---|---|
| अध्यक्ष | श्री दर्शना श्रेष्ठ |
| निवर्तमान अध्यक्ष | श्री शोभा ज्ञवाली |
| प्रथम उपाध्यक्ष | श्री सुनिता बैद्य श्रेष्ठ |
| द्धितिय उपाध्यक्ष | श्री बासन्ती मिश्र (प्रधान) |
| तृतिय उपाध्यक्ष | श्री महालक्ष्मी श्रेष्ठ |
| चर्तुथ उपाध्यक्ष | श्री कुन्नम पोखरेल |
| महासचिव | श्री सविता सुवेदी |
| सचिव | श्री दिकिला शेर्पा लामा |
| कोषाध्यक्ष | श्री सुमित्रा पलाञ्चोके |
| कार्यकारिणी सदस्य | श्री मल्लिका श्रेष्ठ |
| कार्यकारिणी सदस्य | श्री शोभा श्रेष्ठ |
| कार्यकारिणी सदस्य | श्री अनुजा राजभण्डारी |
| कार्यकारिणी सदस्य | श्री अंगीरा राजभण्डारी |
| कार्यकारिणी सदस्य | श्री निशा के.सी जंगम |
| कार्यकारिणी सदस्य | श्री निता रेग्मी |
| कार्यकारिणी सदस्य | श्री माला खरेल |

त्यसै गरि महासंघको कार्यसमितिमा सातै प्रदेशबाट कार्यसमिति सदस्यहरु निर्वाचित हुनुभएको छ ।

| पद | कार्यसमितिका सदस्यहरुको नामथर |
|---|---|
| कार्यकारिणी सदस्य- कोशी प्रदेश | **श्री कृति श्रेष्ठ उपाध्याय** |
| कार्यकारिणी सदस्य- मधेश प्रदेश | **श्री देव कुमारी पौडेल** |
| कार्यकारिणी सदस्य- बागमति प्रदेश | **श्री अर्पना प्रधान भण्डारी** |
| कार्यकारिणी सदस्य- गण्डकी प्रदेश | **श्री पार्वती पौडेल रेग्मी** |
| कार्यकारिणी सदस्य- लुम्बिनी प्रदेश | **श्री सरस्वती शर्मा** |
| कार्यकारिणी सदस्य- कर्णाली प्रदेश | **श्री शिला नेपाली** |
| कार्यकारिणी सदस्य- सुदुरपश्चिम प्रदेश | **श्री मिना फुलारा** |

नव निर्वाचित कार्यसमिति सदस्यहरुलाई निर्वाचन समितिद्धारा पद तथा गोपनियताको सपथ ग्रहण गराइएको थियो ।

नव निर्वाचित अध्यक्ष श्री दर्शना श्रेष्ठज्युले साधारण सभालाई सम्बोधन गर्दै महिला उद्यमी महासंघ नेपालको नयाँ बोर्ड, आपसी सहयोगको भावना र एकताको शक्तिसहित सँगसँगै अघि बढ्ने दृढ संकल्पका साथ उद्यमशीलतामा दीगो, उद्देश्यपूर्ण विकास र परिणाममुखी यात्रामार्फत भोलिसम्मका पुस्ता तथा महिला उद्यमीहरूको लक्षित गर्दै जीवनमा दिगो परिवर्तन स्थापित गर्न, समावेशी, सक्षम नेतृत्व र आत्मनिर्भर उद्यमशीलताको भविष्य निर्माण गर्ने अठोटका अघि बढ्ने बताउनुभयो । साथै महिला उद्यमी महासंघ नेपालको नवनिर्वाचित अध्यक्षका रूपमा यहाँ उभिन पाउनु महिला उद्यमींहरूको माया, भरोसा र समर्थन प्राप्त गर्नु र आफ्नो क्षमता प्रति रहेको उद्यमीहरुको विस्वासका कारण रहको बताउदैं आफ्नो जीवनको अत्यन्तै भावुक र गौरवपूर्ण क्षण बनेको बताउनुभयो ।

नव निर्वाचित अध्यक्ष दर्शना श्रेष्ठज्यूले आफ्नो जिबनको दुई दशकभन्दा बढीको समय– महिला उद्यमशीलतामार्फत आर्थिक सशक्तीकरणको यात्राका लागि महासंघलाई नै समर्पित गरेको बताउनुभयो । यसका साथै आफ्नो महासंघको यात्रामा आफुले गरेका अनुभवहरुलाई

महासंघको अध्यक्षको जिम्मेवारीमार्फत सम्हाल्दै जिवनको समाजशास्त्रको पृष्ठभूमि र महिलाहरूको सामाजिक-आर्थिक सशक्तीकरणप्रतिको जीवनभरको लगावले यो भूमिकालाई पदभन्दा पनि महिला उद्यमशीलतामा सकारात्मक परिवर्तन ल्याउने गहिरो प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले आगामी दुई वर्षमा आफ्नो जीवनको सबैभन्दा मूल्यवान समय, हाम्रो देशको महिला उद्यमशीलता बिकाशको सपना र आकांक्षा पूरा गर्न समर्पित गर्ने प्रतिज्ञा व्यक्त गर्नुभयो । साथै यस यात्रामा कदापी आफ्नो एक्लो मात्र हुने छैन–यो हामी सबैको साझा यात्रा बन्नेमा आफुले विस्वास लिएको बताउनुभयो ।

मन्तव्यका क्रममा अध्यक्ष श्री दर्शना श्रेष्ठज्यूले "जग सुदृढ पार्दै–सँगै निर्माण गर्दै" भन्ने मुल भावनाका साथ मार्गदर्शक बिषय अन्तर्गत संस्थागत प्रणाली सुदृढीकरण, महासंघ, प्रदेश र जिल्ला संघहरूको क्षमता अभिवृद्धि, पारदर्शिता र समावेशीताको सुनिश्चिततागर्दै महासंघका विभिन्न सरोकारवालाहरुसंग सहकार्य गर्दै अघि बढाउने बताउनुभयो । साथै महासंघको नयाँ क्षितिज विस्तार–परिवर्तनको नेतृत्व गर्दै" मार्गदर्शक बिषय अन्तर्गत बलियो जगमाथि उभिएर, डिजिटलाइजेशन र BDC सेवामार्फत महिलाहरूलाई उधमशिलता प्रति सशक्त बनाउँदै जाने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गर्दै, समय सामयिक बिषय बस्तुहरु जस्तै LDC graduation, SDG Goals जस्ता विषयलाई समेटेर महासंघलाई अगाडी बढाउने बताउनुभयो ।

मन्तव्यका क्रममा अध्यक्ष श्री दर्शना श्रेष्ठज्यूले नेपाल सरकार, महासंघको सहकर्मीहरू र साझेदारहरू, राष्ट्रिय तथा अन्तरास्ट्रिय दात्री संस्थाहरुसगँ आफुले प्रस्तुत गरेको मार्गचित्र पूर्ण रूपमा पुरा गर्न सम्भव रहेको बताउनुभयो ।

धन्यवाद ॥